# काइके गाउँपालिका

शहरतारा, डोल्पा

# आ.ब. २०७४।७५ को लागि वार्षिक बजेट बक्तव्य

आ.ब. २०७४।७५

२०७४ साल श्रावण

प्रमुख अतिथि ज्यू,
मञ्चमा आसीन सम्पुर्ण अतिथिगण,
वडाध्यक्ष ज्यूहरु,
गाउँसभाका सदस्यज्यूहरु,
उपस्थित सम्पुर्ण शिक्षक, पत्रकारमित्रहरु,
तथा सम्पुर्ण गाउँबासी, बुवा,आमा, दाजुभाई तथा दिदीवहिनीहरु,–

नेपालको संविधान, २०७२ को प्रावधान अनुसार अधिकार र स्रोत साधनसम्पन्न स्थानीय तहको गठन भएको छ । उक्त स्थानीय तह सरकारकै रुपमा रहेको र कानुनी प्रावधान अनुसार व्यवस्थापकीय, कार्यपालिकीय र न्यायपालिकीय अधिकारको प्रयोग गर्ने व्यवस्था रहेको छ । स्थानीय तहको निर्वाचन, २०७४ सम्पन्न भइसकेर देशमा राजनीतिक रुपमा स्थायित्व कायम भएको, विकासका गतिविधिहरु फस्टाउने सम्भावनाहरु देखिएको, नेपाल गत आ.व. २०७३।७४ मा सबैभन्दा धेरै आर्थिक वृद्धि गर्ने देशको सुचिमा अगाडि रहेको, सक्रिय जनसंख्याको हिस्सा उच्च रहेको, जनतामा विकासप्रतिको तीव्र चाहना, जनप्रतिनिधिमार्फत स्थानीय तहमा नै जवाफदेहिता, पारदर्शिता, उत्तरदायित्वको अभ्यास हुने, स्थानीय तहदेखि नै लोकतन्त्रको असली अभ्यास हुन थाल्नु ग्रामीण क्षेत्र विकासका नयाँ संकेतहरु हुन् । स्थानीय तहले आफैं आफ्नो क्षेत्रभित्र लगाउने कर, शुल्क तथा राजश्वको दर निर्धारण गर्ने, वर्षभरी प्राप्त हुने राजश्वको अनुमान गर्ने, प्राप्त हुने अनुदान तथा अन्य स्रोतको अनुमान गर्ने, बजेट सीमा निर्धारण गर्ने, स्थानीय तहका गाउँगाउँ, वस्ती, टोल हुँदै वडा समिति र विषयगत समितिमा कार्यक्रम तथा योजनाहरुको वृहत छलफलपश्चात कार्यपालिकाले स्वीकृत गरी गाउँसभामा आज पेश हुन गएकोकाइके गाउँपालिकाको पहिलो वर्षको वार्षिक बजेट घोषणा पाउँदा म निकै हर्षित छु ।

सभाध्यक्ष महोदय,
अब म गत आ.व. २०७३।७४ मा सञ्चालन गरिएका कार्यक्रमहरु, सञ्चालित आयोजनाहरुको छोटकरी विवरण तथा आयव्ययको विवरण पेश गर्ने अनुमति चाहन्छु ।
साविक तीन गा.वि.स.हरु मिलेर नयाँ संरचनासहितको काइके गाउँपालिका बनेको हो । गएका वर्षहरुमा राजश्वको हिस्सा ज्यादै नै न्यून थियो । केन्द्रिय अनुदानबाट कार्यक्रमहरु सञ्चालित थिए ।

यस गाउँपालिकाको एकिकृत, समावेशी र नतिजामुखी विकासका लागि केही समस्या र चुनौतीहरु विद्यमान छन् । जुन यस प्रकार प्रस्तुत गर्न चाहन्छु ।

- स्थानीय टोल, वस्ती र समुदायको परिचालन र सहभागिता बाटै सम्बोधन हुन सक्ने स-साना योजनाका मागहरु सम्बोधन गर्नुपर्ने अवस्था छ ।
- योजना छनौट प्रक्रियामा सचेतनाको अभावले प्रतिफल नदिने र अनुत्पादन योजनाहरु माग हुने विषयमा पर्याप्त जानकारी पुर्याउन सकिएको छैन ।

गाउँपालिका अध्यक्ष

- ❖ जनसहभागितामा आधारित, सन्तुलित र न्यायोचित विकास गर्ने कार्य चुनौतीपूर्ण छ।
- ❖ लक्षित समूहहरुमा जीवन-यापनका आधारभूत सीप प्रदान गरी आय-आर्जन वृद्धि गर्नेखालका कार्यक्रम छनौट र कार्यन्वयन गर्न चुनौती देखिएको छ।
- ❖ सिमित स्रोत र साधनको कारण गाउँपालिकाको पूर्वाधार तयार गरी संस्थागत विकास तथा सुधार गर्न चुनौतीपूर्ण छ।
- ❖ पूर्वाधारको अभाव तथा सेवा उद्योगको अभावमा पर्यटन प्रवर्द्धन गर्न चुनौतीपूर्ण छ।
- ❖ आयोजना सञ्चालनमा जनसहभागिता वृद्धि गर्दै पारदर्शीता, जवाफदेहिता, सुशासन र आयोजना प्रति अपनत्व अभिवृद्धि गर्ने कार्य चुनौतीपूर्ण देखिएको छ।
- ❖ गाउँपालिकाको अधिकार क्षेत्रभित्रको कर संक्रलन गर्न करदाताहरुको अपेक्षित सहयोग प्राप्त गरीआन्तरिक आय अपेक्षित रुपमा वृद्धि गर्न चुनौतीपूर्ण छ।
- ❖ गाउँपालिकाको क्षमता र जन अपेक्षा बीच ठूलो अन्तर रहेको छ।
- ❖ विकट भुगोल, सडक विहीनता, सञ्चारविहीनता र प्रतिकुल मौसमका कारण विकास गतिविधीहरु सञ्चालन गर्न र अनुगमन र मुल्यांकन गर्नका लागि चुनौति रहेको छ।

उल्लेखित समस्याहरुका बीच यस गाउँपालिकामा थुप्रै अवसर र सम्भावनाहरु विद्यमान छन्।

- ❖ संविधान कार्यान्वयनको पहिलो पाइलाका रुपमा गाउँपालिका स्थापना भएको एक वर्ष नपुग्दै जनताको विकास प्रतिको उत्साह,अपेक्षा र उर्जा बढ्दो छ।
- ❖ स्थानीय तहको निर्वाचन भई जनप्रतिनिधीहरुको पदवहाली भइसकेकाले जनमतअनुसार द्रुत गतिमा विकासका गतिविधिहरु सञ्चालन गर्ने साथै सोको जवाफदेहिता, पारदर्शिता कायम गरी सुशासन कायम गर्न सकिने सम्भावना रहेको छ।
- ❖ स्थानीय तहमा नै योजना वनाई कार्यान्वयन हुने भएकाले आवश्यकता र मागमा आधारित विकासको सम्भावना रहेको छ।
- ❖ पर्यटन तथा पशुपालनको प्रचुर सम्भावना छ।
- ❖ यासांगुम्वा, पाँचऔंले, गुच्चीच्याउ लगायतका बहुमुल्य जडिवुटीहरुहरु संकलन गरी वजारीकरण गर्नका लागि प्रचुर संभावना रहेको छ।
- ❖ पूर्वाधार तथा सामाजिक विकासमा जनताको उत्साहजनक सहभागिता देखिएको छ।

गाउँपालिका अध्यक्ष

- ❖ ग्रेट हिमालयन ट्रेल ट्रेकिङ रुट तथा प्राचिन गुम्बाहरु आदिलाई पर्यटकीय स्थलको रुपमा विकास गर्न सकिने सम्भावना छ।

आगामी आर्थिक वर्षको वार्षिक गाउँ विकास योजनाको प्रमुख उद्देश्यहरु यस प्रकार छन् ।

- ❖ गाउँपालिकाको आर्थिक, सामाजिक, पर्यटकीय एवं पूर्वाधार विकासको सम्भावनालाई उजागर गर्ने ।
- ❖ गाउँपालिकामा रहेको चरम गरिबी न्यूनीकरण गर्न रणनीतिक योजनाहरुको तर्जुमा गर्ने,
- ❖ गाउँपालिकाको नीतिगत, संस्थागत र भौतिक पूर्वाधार स्थापना गर्ने ।
- ❖ सुशासन प्रवर्द्धन गरी विकास आयोजना एवं कार्यक्रमहरुलाई नतिजा मुलक र उत्पादन मुलक बनाउने ।
- ❖ सामाजिक आर्थिक रुपमा पछाडि परेका वर्गहरुलाई स्वरोजगार सृजना गरी आत्म निर्भर तर्फ उन्मुख गराउने ।

अव म आगामी आर्थिक वर्षको आय प्रक्षेपणको विवरण पेश गर्न चाहन्छु ।
राजश्व परामर्श समितिको सिफारिस अनुसार आगामी आ.व. २०७४।७५ मा गाउँपालिकाले लगाउने कर तथा शुल्क, दस्तुर आदिवाट कुल १ लाख राजश्व प्राप्त हुने अनुमान गरिएको छ ।आ.व. २०७४।७५ को लागि स्वीकृत करको दर अनुसुचीमा उल्लेख गरिएको छ ।

सभाध्यक्ष महोदय,
मिति २०७४ साल जेष्ठ महिनाको १५ गते व्यवस्थापिका संसदमा केन्द्रिय सरकारका अर्थमन्त्रीले पेश गरेको ब्रजेट घोषणामा आ.व. २०७४।७५ का लागि नेपाल सरकारले दिने वित्तिय समानीकरण अनुदानको हिस्सा रु. १० करोड प्राप्त हुनेछ । सोही बजेट वक्तव्यमा घोषणा भए अनुसांर सशर्त अनुदानको रुपमा रु. २ करोड ७३ लाख ७२ हजार प्राप्त हुनेछ । त्यस्तै कर्णाली रोजगार कार्यक्रम तर्फ रु. १,०२,००,०००। नेपाल सरकारको पुनर्संरचनाको कार्य अन्तिम चरणमा नपुगेको हुनाले यस वर्ष प्रदेश सरकार तथा अन्य स्थानीय तहबाट यस गाउँपालिकाको लागि प्राप्त हुने वित्तिय समानीकरण अनुदान, सशर्त अनुदान तथा समपुरक अनुदान लगायतका अनुदान तथा वित्तिय हस्तान्तरणका कार्यक्रहरु हुन सकेका छैनन् । उक्त सशर्त अनुदानको कार्यक्रम समेत प्राप्त भैसकेको छ । यस गाउँपालिकाको संचित कोष खातामा गत वर्षको खर्च हुन नसकी वाँकी रहेको चालु तर्फको रकम रु. ५,७८,०८७ र पुजिगत तर्फको ६४३३६२२। गरी जम्मा रु.७०,११,७०९। रहेको अवस्था छ । अत: यी सम्पुर्ण रकमहरुको जम्मा गरी आगामी आ.व. २०७४।७५ को लागि यस काइके गाउँपालिकाबाट परिचालित हुने कुल बजेट रु.१४,४५,८३,७०९। हुने अपेक्षा गरिएको छ । यसमा नगद तथा श्रम जनसहभागिताको रकम समावेश गरिएको छैन ।

सभाध्यक्ष महोदय,

अव म ब्ययको अनुमान प्रस्तुत गर्न चाहन्छु । आ.व. २०७४।७५ मा आर्थिक विकास अन्तर्गत रु. १,१०,००,०००।, पुर्वाधार विकास अन्तर्गत रु.९,११,३०,०००। ,वातावरण तथा विपद् व्यवस्थापन तर्फ रु.२,२०,०००।, संस्थागत विकास तथा वित्तिय व्यवस्थापन र सुशासन तर्फ रु.५,००,०००, विनियोजन गरिएको छ । सामाजिक विकास तर्फको लक्षित वर्गका लागि रु.१२,००,००० को बजेट विनियोजन गरिएको छ त्यसमध्ये महिला सशक्तिकरण तर्फ रु.५,००,०००।, बालबालिकातर्फ रु.१,७५,०००।, जनजाती वर्गका लागि रु. १,७५,००० अपांगका लागि १,७५,०००, ज्येष्ठ नागरिकका लागि रु. १,७५,०००, दलित वर्गको लागि रु. १,७५,०००, युवा तथा खेलकुदतर्फ रु.२,००,०००। विनियोजन गरिएको छ।

आय-व्यय विवरण तथा कार्यक्रम र आयोजनाहरुको विस्तृत विवरण अनुसूचिमा संलग्न गरेको छु ।प्रस्तुत नीति तथा कार्यक्रमहरुको कार्यान्वयनबाट गाउँपालिका क्षेत्रको आर्थिक, सामाजिक एवं पूर्वाधार विकासको सम्भावना उजागर भई समुदायमा आधारित समावेशी विकासको आधार खडा हुने अपेक्षा लिइएको छ ।

| सि.न. | योजना , आयोजना, क्रियाकलाप | रकम | कैफियत |
|---|---|---|---|
| १. | कोलादेखि ताचिन सम्म बाटो निर्माण काईके-१ | ३०,०००००।- | |
| २ | तटु उर्केन तेन्जीन गुम्बा निर्माण काईके-१,ताचिन | ६०,००,०००।- | |
| ३. | देवेश्वरी प्रा.वि. १ कोठा थप काईके-१,ताचिन | २,००,०००।- | |
| ४. | छोयक्याम खोला लघु जलविद्युत काईके-१, कोला | १२,५०,०००।- | |
| ५. | नाम्दोबगर देखि रिक्वा सम्म मोटरबाटो निर्माण काईके-२,शहरतारा | ५०,००,०००।- | |
| ६. | रिक्वा देखि तातोपानी सम्म मोटरबाटो निर्माण काईके-२,शहरतारा | ५०;००,०००।- | |
| ७. | यालाकोट खोला लघु जलविद्युत आयोजना निर्माण तथा डिजाइन काईके-३, यालाकोट | १३,५०,०००।- | |
| ८. | सिम्पीङ बृहत खानेपानी आयोजना काईके-३, ताराकोट | २५,००,०००।- | |
| ९ | पुदीखोला काठेपुल निर्माण काईके-३ | १०,००,०००।- | |
| १०. | यालाकोट देखि रुख हुँदै गुम्बातारा सम्म बाटो निर्माण काईके-३ | ६०,००,०००। | |
| ११. | सोरखोला काठेपुल निर्माण काईके-३ | ५,००,०००।- | |
| १२. | खुर्सानीवारी घेराबार र सिचाई आयोजना काईके-४ टुम्पातारा | ६२,००,०००। | |
| १३. | लामा न्यूरुप देखि खि गाउँसम्म बृहत खानेपानी आयोजना काईके-४ रिवा | ३८,०००००।- | |
| १४. | धारापानीदेखि बैजीवारासम्म कृषि सडक र घेराबार काईके-५ | ३०,००,०००।- | |
| १५. | सेतोङ युङडुङ सुक्छल गुम्बामा तिनकोठे भवन निर्माण काईके-५बैजीबारा | १०,००,०००।- | |
| १६. | खानीगुम्बा खानेपानी आयोजना काईके-५, खानी | १०,००,०००।- | |
| १७. | उरुटोल हुँदै लाङमाको उकालो सम्म घो.बा. मर्मत काईके-७ | ४,५०,०००। | |
| १८. | सुर्बोछे गुम्बामा ४ कोठे भवन निर्माण काईके-५, ब्यासी | २४,५०,०००।- | |
| १९. | बेदव्यास प्रा.वि. घेराबार निर्माण काईके-५, ब्यासी | ९,००,०००।- | |
| २०. | ब्यासीगाड विद्यालय दुईकोठे भवन र शौचालय निर्माण काईके-७,धारापानी | १५,००,०००।- | |
| २१. | ब्यास ऋषि पर्यटन मार्ग निर्माण काईके-६ | २०,००,०००।- | |
| २२. | बन्ठाडा लुइतुम डिम्भे घेराबार काईके-६ बन्ठाडा | ४५,००,०००।- | |

गाउँपालिका अध्यक्ष

| | | | |
|---|---|---|---|
| २३. | बन्ठाडा लुइतुम डिम्भे सिचाई आयोजना कार्इके-६ बन्ठाडा | १५,००,०००।- | |
| २४. | व्यासगाड देखि बन्ठाडा सम्म घो.बा. मर्मत कार्इके-६ बन्ठाडा | ४,५०,०००। | |
| २५. | छातेस्रा खेलकुद मैदान कार्इके-६ बन्ठाडा | ५,००,०००।- | |
| २६. | कैलाश थान पुननिर्माण कार्इके-७ | २,००,०००।- | |
| २७. | महादेव मष्टा थान निर्माण कार्इके-७ ,उरुटोल | ५,००,०००।- | |
| २८. | देउराली थान निर्माण कार्इके-७ ,उरुटोल | १,५०,०००।- | |
| २९. | स्यारी घेराबार निर्माण कार्इके-७ ,उरुटोल | २५,५०,०००।- | |
| ३०. | उरुटोल Stone pitching कार्इके-७ ,उरुटोल | ६,००,०००।- | |
| ३१. | बालकल्याण प्रा.वि. फार्नेसिङ खेलमैदान निर्माण कार्इके-७ धारापानी | १,००,०००।- | |
| ३२. | चर्मुकुवा देखि टाकावौं हुँदै तिलिका सम्म घेराबार कार्इके-७ लावन | १९,००,०००।- | |
| ३३. | चिलिका र लिल्ज्यूमरु खानेपानी आयोजना निर्माण कार्इके-७ लावन | ३५,००,०००।- | |
| ३४. | छोयजुर गुम्बा खेलमैदान निर्माण कार्इके-७ लावन | ५,००,०००।- | |
| ३५ | व्यासीगाड खोला लघु जलविद्युत आयोजना कार्इके ५,६ र ७ | ३०,००,०००।- | |
| ३६ | लावन बगर देखि लावन गाउँ हुदै धारा पानी सम्म मोटर बाटो निर्माण | ५०,००,०००।- | |
| ३७ | धारापानी हुँदै बन्ठाडा चिल्परा ब्यासी बैजीवारा देखि खानीसम्म मोटर बाटो निर्माण | ५२,००,०००। | |
| ३८ | टुप्पातारा गुम्बा पेन्टिङ कार्इके-४ | २,००,०००। | |
| ३९ | रिवा खोला बाटो मर्मत कार्इके-४ | ३०,०००। | |
| ४० | गुम्बा गाउँ फुटबल खेल सहयोग कार्इके-३ | २,००,०००। | |
| ४१ | कोला खोला काठेपुल आयोजना कार्इके-१ | १,५०,०००। | |
| ४२ | स्वास्थ्य चौकीलाई औषधी , औजार खरिद र व्यवस्थापन | ५,००,०००। | |
| ४३ | कृषिसँग सम्बन्धित कार्यक्रम सञ्चालन | १५,००,०००। | |
| ४४ | पशु स्वास्थ्यसँग सम्बन्धित कार्यक्रम सञ्चालन | १०,००,०००। | |
| ४५ | महिला विकास सम्बन्धि कार्यक्रम सञ्चालन | ५,००,०००। | |
| ४६ | तोलतोल काठेपुल निर्माण कार्इके-५ | २,५०,०००। | |
| ४७ | लक्षित वर्ग उत्थान कार्यक्रम | ७,००,०००। | |
| ४८ | वडा कार्यालय व्यवस्थापन | ३,५०,०००। | |
| ४९ | अरनिको मा.वि. सञ्चालन | १०,००,०००। | |
| ५० | धुवाँरहित आधुनिक चुलो खरिद | ५,००,०००। | |
| ५१ | स्काभेटर खरिद | १,१०,००,०००। | |
| ५२ | भैपरी आउने | २,२०,०००। | |
| | जम्मा रु. | १०,२३,५०,०००। | |

गाउँपालिका अध्यक्ष

अनुसिच १

# काईके गाउपालिका
## गाउ कार्यपालिकाको कार्यालय

शहरतारा डोल्पा

६ नं. प्रदेश नेपाल

**आर्थिक वर्ष २०७४/०७५ को बजेट बाँडफाँड**

काईके गाउपालिका गाउँ कार्यपालिकाको कार्यालय शहरतारा बजार, डोल्पा २०७३

ब.उ.शि.नं. ८०१७४२३ (चालु खर्च)

कार्यक्रमको नाम : गाउपालिका अनुदान कार्यक्रम

श्रोत: नेपाल सरकार

| सि.न. | ख.शि.नं. | खर्च शिर्षक | बजेट रकम नं. | बजेट रकमको नाम | बाँडफाँड बजेट | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २६३११ | स्थानीय निकाय निशर्त अनुदान | **उपभोग खर्च** | | | |
| | | | २११११ | तलब | ७५०००००.० | |
| | | | २१११२ | स्थानीय भत्ता | १४०००००.० | |
| | | | २१११३ | महंगी भत्ता | १७५०००.० | |
| | | | २१११४ | पोषाक भत्ता | ३०००००.० | |
| | | | २१११९ | अन्य भत्ता | १२०००००.० | उत्साहप्रद लागि मात्र |
| | | | **जम्मा** | | १०५७५०००.० | |
| २ | | | **कार्यालय संचालन र सेवा खर्च** | | | |
| | | | २२१११ | पानी तथा विजुली | २५०००.० | |
| | | | २२११२ | संचार खर्च | १५००००.० | |
| | | | २२१२१ | घर भाडा | १५००००.० | |
| | | | २२२११ | इनधन | १५००००.० | |
| | | | २२२१२ | मर्मत सम्भार | २०००००.० | |
| | | | २२३११ | कार्यालय संचालन खर्च | ६०००००.० | दुई लाख मात्र |
| | | | २२४११ | सेवा र परामर्श | २५००००.० | |
| | | | २२४१२ | अन्य सेवा शुल्क | ५५००००.० | पाँच लाख पचास हजार मात्र |
| | | | **जम्मा** | | २३७५०००.० | |
| ३ | | | **कार्यालय संचालन र सेवा खर्च** | | | |
| | | | २२५२९ | विविध कार्यक्रम खर्च | ५५००००.० | पाँच लाख पचास हजार मात्र |
| | | | २२६११ | अनुगमन मुल्याकन | ४६१७०९.० | चार लाख एकसट्ठी [illegible] |
| | | | २२६१२ | कार्यक्रम भ्रमण खर्च | १५००००.० | |
| | | | २२७११ | विविध खर्च | ३५००००.० | |
| | | | **जम्मा** | | १९११७०९.० | |
| | **कुल जम्मा** | | | | १४८६१७०९.० | |

तयार गर्ने

प्रमाणित गर्ने

गाउँपालिका अध्यक्ष

गाउँकार्यपालिकाका उपाध्यक्षज्यू, गाउँपालिकाका कार्यकारी अधिकृत ज्यू, वडाध्यक्ष ज्यूहरु, गाउँकार्यपालिकाका सदस्य ज्यूहरु, विषयगत समितिका संयोजक तथा सदस्य ज्यूहरु, गाउँपालिकाका कर्मचारी वन्धुहरु, विभिन्न विषयगत कार्यालयका प्रमुख एवं प्रतिनिधि, दातृ निकाय, गै.स.स., नागरिक समाज, पत्रकार मित्रहरु लगायत अन्य सम्पूर्ण सरोकारवालाहरुमा समेत हार्दिक आभार व्यक्ति गर्न चाहन्छु । त्यसै गरी सहभागितात्मक योजना तर्जुमाको प्रक्रियाको शुरुवात सँगै आजको यस सार्वजनिकीकरण समारोहलाई सफलता पूर्वक सम्पन्न गर्ने समयसम्म गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरु तथा पदाधिकारीहरुले पुऱ्याएको योगदानका लागि उच्च मुल्यांकन गर्दै आभार प्रकट गर्न चाहन्छु ।

अन्त्यमा प्रस्तुत योजना, नीति र कार्यक्रमहरुको सफल कार्यान्वयनमा सबैबाट रचनात्मक सहयोग प्राप्त हुने विश्वास लिंदै बजेट कार्यान्वियन वर्षको रुपमा मनाउनका लागि सहयोगको अपेक्षाका साथ विदा हुन अनुमति चाहन्छु ।

धन्यवाद !

गाउँपालिका अध्यक्ष